**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

# कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमता

**शर्मिला कुमारी गुरुङ तारमी**
भेरी बहुमुखी क्याम्पस गुमी, सुर्खेत
skgtsurkhet@gmail.com

**सार**

भाषाका आधारभूत सीप पढाइ, लेखाइ, सुनाइ बोलाइमध्ये पठन सीपलाई पनि महत्वपूर्ण रुपमा लिन सकिन्छ । लेखाइ सीप हुदै पढाइ सीपका कुराहरू चिरस्थायी हुने भएकोले यसको महत्व अझै बढ्न गएको छ । पठनबोध क्षमताले विभिन्न व्यक्तिलाई पढेका कुराहरू के कति मात्रमा बुझ्न सक्छन् भन्ने कुरा देखाउन खोजेको हुन्छ । लेखेका कुराहरूलाई अध्ययन गरि बोधका रुपमा लिने भएको हुदा पठन बोधलाई भाषिक सीपहरू मध्येको मुख्य मानिन्छ । बुझेका कुराहरूले समाज र भावि पुस्तालाई प्रशास्त लाभ दिन सकिने भएकोले बुँदा टिपोटले सामाजिक आवश्यक पुरा गर्ने काम गर्दछ । जसले आफूमा भएको अनुभव, भावना र ज्ञान प्रचार प्रसार एवम् सम्भार गर्ने माध्यम हो ।

पठन बोध भनेको कथा, कविता, जीवनी, चिट्ठी रुपकहरूलाई गहिरो अध्ययन गरी सार तत्वहरूलाई बुझ्नु पठन बोध हो । पठनबोधबाट विद्यार्थीहरूको भाषिक, लैङ्गिक, प्रकृतिक, प्रायोगिक जस्ता कुराहरूमा विशेष महत्व राखेको पाइन्छ । नेपाली विषयको निमावि तहमा मौन पठन र सस्वर पठनलाई बढी जोड दिएको पाइन्छ । बुँदा टिपोटमा विषय वस्तुमा मात्र नभएर स्वतन्त्र विधाका माध्यमबाट पनि पाढेका कुराहरू सारमा बोध गर्न सकिन्छ । बुँदा टिपोट मुख्यतः लेख्य कुराहरूलाई अध्ययन गरि बुझ्नु हो । यसबाट पठन बोधलाई मौन पठन र सस्वर पठनद्धारा शुद्ध र स्पष्ट वाचन गरी भावद्धारा मौखिक रुपमा अभिव्यक्त गर्न सकिने भएकोले यसको महत्व बुँदा टिपोटमा बढी रहेको छ ।
**मुख्य शब्द** : समाज, भाषा, बुँदाटिपोट, लैङ्गिक, प्रकृतिक, प्रायोगिक

## पृष्ठभूमि

भाषाको अर्थ भन्नु वा बोल्नु हो । समाजमा झण्डा, इसारा चुट्की जस्ता संकेतबाट पनि विचार व्यक्त हुन्छ तर त्यो चाही भाषा मान्न सकिदैन । मानवीय सोच, धारणा र परिकल्पनाहरूलाई एक आपसमा साटासाट गर्नु, सार्थक ध्वनीका माध्यमबाट विचार विनिमय गर्नु भाषा हो । भाषालाई अध्ययन गर्दा भाषाका आधारभूत सीप आवश्यक पर्छ । जुन सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन । यी आधारभूत सीपलाई क्रियाशील बनाउन, भाषालाई जीवित, सरलीकरण, स्मरणयुक्त, व्याख्या विश्लेषण गर्न सार्थक रुप दिन बुँदाटिपोट पनि एक हो ।

भाषालाई मानिसले आफ्नो जीवन परिवर्तन गर्ने, आफ्ना आवश्यकता पूरा गर्ने मानवीय सोच र अवधारणालाई परिवर्तन गर्ने माध्यमका रुपमा लिएको छ । भाषा एउटा महासार हो, यसमा सम्पूर्ण विषय ज्ञान, सीप र दक्षता भाषाबाट नै पूर्ण हुन्छ । यसैले हाम्रो देशको राष्ट्र भाषा नेपाली हो । नेपालमा बोलिने सम्पूर्ण भाषा राष्ट्रिय भाषा हुन् । यी भाषाको अध्ययन गर्नु भाषा सिक्नु, भाषालाई सरलीकरण गर्नु, भाषाको व्याख्या विश्लेषण गर्नु, भाषाबाट कथा, कविता, निबन्ध, जीवनी, इतिहास, नाटक, कृतिहरूको अध्ययन गर्नु वैज्ञानिक अन्वेक्षण पनि भाषाले गर्दछ । यस कारण भाषा सिकाईको स्थानमा बुँदा टिपोट महत्त्वपूर्ण मान्न सकिन्छ ।

बुँदाटिपोट भनेको कुनै घटना, इतिहास पाठ, नाटक, निबन्ध, जीवनी पढेर, सुनेर त्यसलाई सिलसिलाबद्ध रुपमा मिलाएर छोटो रुप लेख्नु वा टिपोट गर्नु हो । बुँदाटिपोट कार्य लेख, रचना, घटना,

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

इतिहास, पाठ, नाटक, निबन्ध जस्ता लामो कथनहरूलाई छोटो र छारिटो बनाउन प्रयोजनहरूका लागि प्रयोग गरिन्छ । शिक्षकले व्याख्या गरेका, भनेका कुरा आफूले सुनेर सम्झनाका लागि मुख्य बुँदा टिप्ने गरिन्छ । कुनै कुराको लिखित रुपमा वर्णन गर्नुपूर्व तयारीका लागि बुँदाटिपोट कार्य प्रभावकारी हुन्छ । मुख्य कुरालाई शिलशिलाबद्ध मिलाई पछि व्याख्या विश्लेषण कार्यमा प्रभावकारी हुन्छ । यसरी भाषाका सो वर्ण र अक्षरको सिलसिलाबद्धलाई घटना परिघटनालाई टिपोट गर्नु बुँदाटिपोट हो (अधिकारी, २०६९) ।

सुनेको, पढेको, देखेको र मनमा उब्जेका विचारहरूलाई टिपोट नगर्दा समयको अन्तरालमा यी कुराहरू बिर्सिने हुन्छ । कक्षा शिक्षकले गरेका विषयवस्तुको व्याख्या, विश्लेषण वक्ताले खास कार्यक्रममा दिएको प्रवचन यस्ता मौखिक अभिव्यक्तिमा रहेका सारभूत कुरालाई सुत्रका रुपमा टिपोट गर्नुपर्छ । जसबाट स्रोताले धेरै लामो समयसम्म फाइदा लिन सक्छ । धेरै समयमा ठूलो प्रगाती गर्न सकिन्छ । कतिपय लेखेका कृति फुर्सदका समयमा पढ्छौ, देशविदेश र समाजमा घटेका घटना क्रम सुन्छौ । विभिन्न साहित्यक कृतिहरू पढ्छौ । त्यस्ता कृति, सुनेका महत्त्वपूर्ण कुरालाई सिलसिला मिलाएर टिपोट राखेको छ भने पछि त्यसका आधारमा सीमित समयमा पनि मुख्य कुराले पूरा फाइदा लिन सकिन्छ ।

**उद्देश्य**

प्रस्तुत अध्ययनको निम्नलिखित उद्देश्य कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता पहिल्याउनु र लैङ्गिकता र विद्यालय प्रकृतिका आधारमा बुँदा टिपोट क्षमता पहिचान गर्नु रहेको छ ।

**साहित्यको पुनरावलोकन**

पाठक (२०६८) ले कक्षा पाँच पुरा गरेका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन शीर्षकमा अध्ययन गरेका छन् । उक्त अध्ययनमा सुर्खेत जिल्लाको पलैटे स्रोतकेन्द्रका पाँच ओटा सामुदायिक विद्यालयलाई नमुना छनौट गरी ५० जना विद्यार्थीको भाषिक पृष्ठभूमि, लैङ्गिकता, जातीयता र विद्यालयको प्रकृतिका आधारमा उक्त कक्षाका विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्नु र पठनबोध क्षमताको अभिवृद्धिका लागि आवश्यक सुझाव पेस् गर्नु जस्ता प्रमुख उद्देश्यहरू रहेका छन् । यस अध्ययनमा पुस्तकालय विधि र तुलनात्मक विधि प्रयोग गरिएता पनि सो विश्लेषणबाट पाठ्यक्रम अनुरूप संरचना नमिलेको र शब्दभण्डार स्पष्ट नभएको निष्कर्ष निकाल्दै भएका कमीकमजोरीहरू हटाउने सुझाव दिइएको छ ।

भण्डारी (२०६९) द्वारा कक्षा छका मुस्लिम भाषी विद्यार्थीहरूको शब्दोच्चारण र सस्वर पठन क्षमताको अध्ययन शीर्षकमा शोध अध्ययन गरिएको छ । यस अध्ययनका उद्देश्य कक्षा छ का विद्यार्थीको शब्दोच्चरण र सस्वरपठन सम्बन्धी पहिचान गर्नु रहेको छ । बाँके जिल्लाका तीन ओटा सरकारी विद्यालयका ३० जना विद्यार्थी गरी प्रत्येक विद्यालयका १०/१० जनाका दरले विद्यार्थीहरू लिइएको छ । उक्त अध्ययनमा कक्षा छका विद्यार्थीहरूको शब्दोच्चरण, सस्वर पठन क्षमताका लागि आवश्यक सुझाव पेस् गर्नु जस्ता प्रमुख उद्देश्यहरू रहेका छन् । यसमा पुस्तकालय विधि प्रयोग गरी सो सम्बन्धित कक्षाका विद्यार्थीमा शब्दोच्चरण, सस्वरपठन क्षमताको विकास महत्त्वपूर्ण रहेको निष्कर्ष निकालेका छन् ।

बस्नेत (२०७०) द्वारा प्राथमिक तह पुरा गरेका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन शीर्षकमा शोध गरिएको छ । शोध क्षेत्र अन्तरगत जाजरकोट जिल्ला अर्छानी गाविसका पाँचओटा सामुदायिक विद्यालय छनोट गरिएको छ । जाजरकोट जिल्ला अर्छानी गाविसका सामुदायिक विद्यालयमा भगवती मावि भेटुखाना, रमला निमावि दतीऔर, देउराली निमावि अर्छानी, प्रगतिशील निमावि धारापानी र निमावि फलफुले रहेका छन् । उक्त विद्यालयका पाँच पाँच जनाका दरले २५ जना छात्रा र २५ जना

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

छात्र गरी ५० विद्यार्थीलाई नमुनाको रूपमा छनोट गर्दा सरल यादृच्छिक नमुनाभित्रका चिट्ठा र क्रमसूची प्रणाली प्रयोग गरी प्रतिनिधि नमुना छनोट गरिएको छ । विद्यार्थीको भाषिक पृष्ठभूमि, लैङ्गिकता, जातीयता र विद्यालयको प्रकृतिका आधारमा उक्त कक्षाका विद्यार्थीहरूको पठनबोध क्षमता अभिवृद्धिका लागि आवश्यक सुझाव पेस् गर्नु जस्ता प्रमुख उद्देश्य रहेका छन् । शोधमा पुस्तकालय र प्रयोगात्मक विधिको प्रयोग गरी अध्ययन गरिएको छ । निष्कर्षमा पठनबोध, सस्वर वाचन, पठनबोध क्षमताको पहिचान गराई कमी कमजोरी हटाउने सुझाव दिइएको छ ।

**अध्ययन विधि**

अनुसन्धान एक औपचारिक एवम् व्यवस्थित भएकाले यसमा विषयसँग सम्बन्धित खास विधिको उपयोग गरिएको छ । अध्ययन कार्यलाई गन्तव्य तर्फ दोहोऱ्याउनका लागि स्पष्ट अध्ययन विधिको आवश्यकता पर्ने भएकाले अध्ययन विधिको विवरण सबैभन्दा महत्त्वपूर्ण विषय हो । प्रस्तुत अध्ययन कक्षा नौमा अध्ययन गरेका विद्यार्थीको बुँदा टिपोट क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । कक्षा अनौमा अध्ययन गरेका विद्यार्थीको बुँदा टिपोट क्षमताको अध्ययन शीर्षक विद्यार्थीसँग सोझै सम्बन्धित भएकाले उनीहरूलाई नै केन्द्र विन्दु मानी मूलतः सर्वेक्षण विधिलाई आधार बनाई अध्ययनलाई अगाडि बढाइएको छ । यस अध्ययनमा बढि जसो फिल्ड अध्ययन विधिको प्रयोग गरिएको छ त्यसपछि पुस्तकालयमा गई सम्बन्धित शीर्षकसँग मिल्दाजुल्दा शोधपत्र र सम्बन्धी सन्दर्भ पुस्तकहरूको अध्ययन गरिएको छ ।

**जनसङ्ख्या, नमुना र नमुना छनौट**

सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका अन्तर्गत ५ ओटा सामुदायिक र १ संस्थागत गरी जम्मा ६ ओटा विद्यालयका ५ छात्र र ५ छात्रा गरी ६० जना विद्यार्थी जनसङ्ख्याको रुपमा लिइएको छ ।

**तथ्याङ्क सङ्कलनका साधन र विधि**

सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका अन्तर्गत ५ ओटा सामुदायिक र १ ओटा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीलाई पालैपालो गरी प्रश्नहरू निर्माण गरी क्षमता अभिवृद्धि सम्बन्धिका प्रश्न सोधिएको छ । प्रत्येक विद्यालयका विद्यार्थीहरूलाई कक्षा नौ नेपाली किताब अन्तर्गत रही संक्षिप्त अनुच्छेद तयार गर्ने, जीवनी, नाटक, निबन्ध अनुच्छेदहरूलाई पढ्न र सुन्न लगाइएको छ । सिलसिला बद्ध भाषिक शैली र वाक्य विश्लेषण, संश्लेष्ण र शुद्धका आधारमा तथ्याङ्क संकलन गरिएको छ । बुँदा टिपोट कार्य गर्न लगाइएको छ । त्यसका आधारमा श्रेणी विभाजन गरिएको छ ।

**तथ्याङ्क सङ्कलन प्रक्रिया**

परीक्षा सञ्चालन भए पश्चात विद्यार्थीहरूले दिएको उत्तरको परीक्षणबाट प्राप्त अङ्क नै यस अध्ययनको तथ्य हुनेछ । विद्यार्थीको उत्तर पुस्तिका सङ्कलन पश्चात प्रश्नको उत्तरकुञ्जिका तयार पारिएको छ । शुद्धता, संक्षिप्तता, विषयवस्तु क्रम भित्र रही उत्तर पुस्तिका परिक्षण गरिनेछ छ । प्रत्येक बहुवैकल्पिक प्रश्नहरूको एक सही उत्तरका लागि १ अङ्कका दरले २० प्रश्नहरूको ४० अङ्क र ४० अङ्क जम्मा १०० पूर्णाङ्कमा जाँच गरिएको छ । विद्यार्थीको भाषा शैली, टिपोट क्षमता, शुद्धता र गतिशीलता सम्बन्धि सीपको वर्गीकरण गरिएको छ ।

प्राप्त तथ्याङ्कहरूको व्याख्या तथा विश्लेषणका लागि उत्तर पुस्तिका परीक्षणका लागि परीक्षणबाट प्राप्त अङ्कबाट सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालिएको छ । प्राप्त अङ्कलाई स्थानियता, लैङ्गिकता विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमि समुहका आधारमा समग्र दृष्टांश तथा अदृष्टांश बुदाँटिपोट क्षमतामा प्राप्ताङ्कलाई प्रतिशतमा गणना गरिएको छ । समग्र तथा अदृष्टांश बुदाँटिपोट क्षमतामा प्राप्ताङ्कलाई प्रतिशतमा गणना गरिएको छ । समग्र तथा समुहगत रूपमा मध्यमान निकालिएको छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 6 NO.2 DECEMBER 2024

यिनै प्रतिशत र मध्यमानको आधारमा समग्र तथा समुहरूको क्षमतालाई व्याख्या विश्लेषण गरिएको छ । समुहगत र समग्र आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कमा के कति भिन्नता छ भनेर जान्नका लागि मानक विचलन निकालिएको छ ।

**व्याख्या तथा विश्लेषण**

यस अध्ययनका विश्लेषण निम्नानुसार रहेको छ ।

**बुँदा टिपोट क्षमताको स्थिति**

व्याख्या तथा विश्लेषण भनेको अध्ययन क्षेत्रबाट प्राप्त भएका तथ्यलाई विभिन्न आधारमा प्रमाणित गरी तिनीका बीचको समानता र असमानता, कमजोरी, घटीबढी लगायत विविध दृष्टिकोणबाट तुलना गरेर तथ्याङ्कको विश्वसनीयता र पादर्शिता तथा मापदण्ड अनुरूप देखाउने कार्यलाई व्याख्या तथा विश्लेषण भनिएको छ । यस अध्ययनमा वीरेन्द्रनगर नगरपालिका अन्तर्गतका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमता सम्बन्धी अध्ययन कार्य भएको हुँदा मूलतः वीरेन्द्रनगर नगरपालिका अन्तर्गतका विद्यालयका विद्यार्थीको बुँदा टिपोट क्षमता दाँज्न सामग्री सङ्कलन गरी अध्ययन क्षेत्रको प्रत्यक्ष सर्वेक्षणबाट ल्याइएका तथ्याङ्कहरूको विश्लेषण र व्याख्या गर्ने काम यस अध्यायमा भएको छ । यस अध्ययनमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमता पत्ता लगाउने र त्यसको जानकारी लिने उद्देश्य भएका र त्यस्ता उद्देश्य प्राप्तिका लागि अघिल्लो अध्यायमा दिइएको जानकारीको अध्ययन बमोजिम वीरेन्द्रनगर नगरपालिका अन्तर्गतका छ ओटा सामुदायिक विद्यालयका १२० जना विद्यार्थीबाट आवश्यक मात्रामा तथ्याङ्क सङ्कलन गरिएको छ । यस उपशीर्षकमा समग्र विद्यार्थीको बुँदा टिपोट क्षमताको स्थितिलाई यसरी प्रस्तुत गरिएको छ ।

तालिका १

*प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको स्थिति*

| कूल | न्यूनतम १ देखि २५ सम्म | | २६ देखि ५० सम्म | | ५१ देखि ७५ सम्म | | ७६ भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १२० | ६ | ६ | ४० | ३४ | ६० | ५० | १४ | १० |

स्रोत : स्थलगत अध्ययन, २०८१

उपयुक्त तालिकानुसार प्रतिनिधि नमुना छनोटको कूल सङ्ख्या १२० मध्ये २५ प्रतिशत भन्दा कम बुँदा टिपोट क्षमता भएकामा विद्यार्थीहरूको सङ्ख्या ६ प्रतिशत देखिन्छ । यसबाट के देखिन्छ भने २५ प्रतिशत भन्दा कम ६ प्रतिशत विद्यार्थीहरू बुँदा टिपोट क्षमता भएबाट केही मात्रा अपरिपक्व उमेरका रहेको र घरायसी स्थिति नाजुक भई पढाइप्रति ध्यान नदिएको र बौद्धिक क्षमताले नभ्याइकन कक्षोन्नती गरेको पनि यसबाट प्रमाणित हुन्छ । २५ प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा तल बुँदा टिपोट क्षमता भएका विद्यार्थीको सङ्ख्या ३४ प्रतिशत रहेको छ । ५० प्रतिशतभन्दा माथि र ७५ प्रतिशतभन्दा तल बुँदा टिपोट क्षमता भएका विद्यार्थीको सङ्ख्या ३० र प्रतिशत ५० रहेको पाइएको छ । यसैगरी ७५ प्रतिशत भन्दा बढी बुँदा टिपोट क्षमता भएका विद्यार्थी १४ जना र प्रतिशतको आधारमा १० प्रतिशत विद्यार्थीहरूको बुँदा टिपोट क्षमता अति नै राम्रो मानिएको छ । यसैगरी सम्पूर्ण विद्यार्थीहरूलाई हेर्दा विद्यार्थीहरूको बुँदा टिपोट क्षमता सन्तोषजनक नै रहेको छ ।

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

**मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको बुँदा टिपोट क्षमता**

तालिका २

*मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको स्थिति*

| कुलसङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १२० | ५९ | १:२८ | ९४ | ७९ | २६ | २१ |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकामा नमुना छनोट गरिएका १२० जना विद्यार्थीको बुँदा टिपोट क्षमताको मध्यमान ५९ रहेको छ भने मानक विचलन १:२८ रहेको छ । मध्यमानलाई आधार मानेर मध्यमान भन्दा तल प्रस्तुत तालिकालाई वर्गीकरण गरेर हेर्दा सम्पूर्ण विद्यार्थीमध्ये ७९ प्रतिशत विद्यार्थी मध्यमान भन्दा माथि र २१ प्रतिशत विद्यार्थी मध्यमान भन्दा तल रहेका छन् । मध्यमानभन्दा माथि विद्यार्थी सङ्ख्या बढी र मध्यमानभन्दा तल रहेका विद्यार्थी कम रहेकाले विद्यार्थीको बुँदा टिपोट क्षमता सन्तोषजनक रहेको छ । यसैगरी मानक विचलनका आधारमा विद्यार्थीहरूको समग्र बुँदा टिपोट क्षमतालाई हेर्दा मानक विचलन १:२८ देखिएको छ । मानक विचलन सामानय कम देखिनुले पनि विद्यार्थीको समग्र बुँदा टिपोट क्षमता मध्यम खालको मान्न सकिन्छ । यसरी विद्यार्थी घरायसी काममा व्यस्त रहनाले र पढाइमा बाबुआमाको पनि ध्यान नहुनाले विद्यार्थीहरूमा पढाइ भन्दा काममा बढी समय दिनुपर्ने घरायसी वाध्यताले गर्दा विद्यार्थीहरूमा बुँदा टिपोट क्षमताको गति तिव्र हुन नसक्नुको प्रमुख कारण रहेको छ ।

**विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमताको स्थिति**

तालिका ३

*प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमताको स्थिति*

| कूल सङ्ख्या | न्यूनतम १ देखि २५ सम्म | | २६ देखि ५० सम्म | | ५१ देखि ७५ सम्म | | ७६ भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १२० | १४ | १२ | ८० | ६६ | २४ | २० | २ | २ |

स्रोत : स्थलगत अध्ययन, २०८१

प्रस्तुत तालिकामा विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमताको स्थितिलाई प्रतिशतका आधारमा देखाइएको छ । विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमतालाई प्रतिशतमा गणना गरी हेर्दा कूल १२० जना विद्यार्थीमध्ये २५ प्रतिशत भन्दा कम दृष्टांश बुँदा टिपोट क्षमता भएका विद्यार्थीको सङ्ख्या १२ प्रतिशत जति र ५० प्रतिशत भन्दा कम बुँदा टिपोट क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६६ प्रतिशत देखिन्छ । त्यसैगरी ५० प्रतिशतभन्दा माथि र ७५ प्रतिशत भन्दा कम बुँदा टिपोट क्षमता भएका विद्यार्थी २४ जना र २० प्रतिशत रहेको देखिन्छ । यसैगरी ७६ प्रतिशत भन्दा माथि बुँदा टिपोट क्षमता भएका विद्यार्थीको सङ्ख्या दुई प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा धेरै प्रतिशत विद्यार्थीको दृष्टांश बुँदा टिपोट क्षमता ५० प्रतिशतभन्दा कम देखिनुले विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमता सन्तोषजनक देखिदैन । जसले गर्दा विद्यार्थीमा पढाइ र बोध गर्ने क्षमतामा विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । ७५ प्रतिशतभन्दा बढी दृष्टांश बुँदा टिपोट क्षमता भएका विद्यार्थीको सङ्ख्या दुई प्रतिशत भेटाउनुले पनि असन्तोषजनक परिणाममा केही उत्कृष्ट विद्यार्थी रहेको सन्तोषजनक परिणाम रहेको छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 6 NO.2 DECEMBER 2024

**मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमता**

तालिका ४

*मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमता*

| कुलसङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १२० | ३४.४ | ४.३२ | ७६ | ६३ | ४४ | ३७ |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार दृष्टांश बुँदा टिपोट क्षमतामा कूल विद्यार्थी १२० को मध्यमान १७.४ र मानक विचलन २.१६ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमान भन्दा माथि ६३ प्रतिशत विद्यार्थी र मध्यमानभन्दा तल ३७ प्रतिशत विद्यार्थी रहेको देखिन्छ । धेरै विद्यार्थीको दृष्टांश बुँदा टिपोट क्षमता मध्यमानभन्दा माथि देखिनुले र थोरै विद्यार्थीहरूको बुँदा टिपोट क्षमता मध्यमान भन्दा तल रहनुले कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमता सामान्य रहेको मान्न सकिन्छ । मानब विचलनका आधारमा विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमता हेर्दा मानक विचलन २.१६ देखिनुले केही सङ्ख्यामा सामान्य विचलन देखिन्छ । तापनि परिणाममुखी सकारात्मक सङ्ख्या बढी भएकोले नै दृष्टांश बुँदा टिपोट क्षमतामा एकरूपता पाइन्छ । यसरी समग्रमा हेर्दा खासै अन्तर मानिदैन ।

**विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमता**

तालिका ५

*विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमताको स्थिति*

| कूल | २५ भन्दा कम | | ५० भन्दा कम | | ५० भन्दा बढी | | ७५ भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १२० | १६ | १३ | ७४ | ६२ | २० | १६.७ | १० | ८.३ |

स्रोत : स्थलगत अध्ययन, २०८१

प्रस्तुत तालिकामा प्रतिशतका आधारमा विद्यार्थीको अदृष्टांश बुँदा टिपोट क्षमतालाई हेर्दा २५ प्रतिशतभन्दा कम बुँदा टिपोट क्षमता भएका विद्यार्थी १३ प्रतिशत, ५० प्रतिशत भन्दा कम बुँदा टिपोट क्षमता भएका विद्यार्थी ६२ प्रतिशत र ५० प्रतिशत भन्दा बढी बुँदा टिपोट क्षमता भएका विद्यार्थीको सङ्ख्या १० र १६.७ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी ७५ प्रतिशतभन्दा बढी बुँदा टिपोट क्षमता भएका विद्यार्थी १० जना र ८.३ प्रतिशत भएको देखिएको छ । यसरी हेर्दा अत्यधिक विद्यार्थीहरूको अदृष्टांश बुँदा टिपोट क्षमता ५० प्रतिशतभन्दा कम रहनु र ५० प्रतिशतभन्दा बढी अदृष्टांश बुँदा टिपोट क्षमतामा कम प्रतिशत विद्यार्थीहरू देखिनुले विद्यार्थीहरूको अदृष्टांश बुँदा टिपोट क्षमता कमजोर रहेको देखिन आउँछ । यसबाट के बुझिन्छ भने विद्यालय शिक्षण क्रियाकलापमा विद्यार्थीलाई पाठ्यपुस्तकमा मात्र सिमित गरी त्यसैका अभ्यास मात्र गराउने क्रियाकलाप भएको र विद्यार्थीको स्तर र तहअनुसार अन्य अदृष्टांश अभ्यासमा त्यति चासो नदिएको पाइएको छ । यसरी विद्यार्थीहरूलाई विद्यालयमा अध्ययनरत विभिन्न विषयहरूका साथ साथै अन्य विद्यार्थी पुस्तक पढ्न दिई त्यसका प्रश्न निर्माण गरी दिई उत्तर दिने अभ्यास गराउँदा विद्यार्थीमा पढ्ने बानीको विकासका साथसाथै अदृष्टांश बुँदा टिपोट क्षमतामा वृद्धि गर्न सकिन्छ ।

**विद्यार्थीहरूको अदृष्टांश बुँदा टिपोट क्षमता**

तालिका ६

*विद्यार्थीहरूको अदृष्टांश बुँदा टिपोट क्षमताको स्थिति*

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १२० | ३१.३२ | २.२५ | ७६ | ६३ | ४४ | ३७ |

स्रोत : स्थलगत अध्ययन, २०८१

प्रस्तुत तालिकामा विद्यार्थीहरूको अदृष्टांश बुँदा टिपोट क्षमताको मध्यमान र मानक विचलन दिइएको छ । जसअनुसार कूल १२० जना विद्यार्थीहरूको अदृष्टांश बुँदा टिपोट क्षमताको मध्यमान ३१.२२ र मानक विचलन २.२५ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमान भन्दा माथि बुँदा टिपोट क्षमता भएका विद्यार्थीहरू ६३ प्रतिशत र मध्यमान भन्दा तल कम र मध्यमान भन्दा तल बुँदा टिपोट क्षमता भएका विद्यार्थीहरू ३७ प्रतिशत देखिन्छ । यसरी मध्यमानभन्दा तल कम र मध्यमान भन्दा माथिको प्रतिशत बढी देखिएको हुँदा २.२५ देखिनुले विद्यार्थीहरूको बुँदा टिपोट क्षमतामा धेरै विचलन भएको नपाइनुले पनि परिणाम राम्रो देखिएको छ । यसरी बुँदा टिपोटलाई मध्यमान र मानक विचलनका आधारमा यसरी प्रष्ट पारिएको छ ।

**समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश बुँदा टिपोट क्षमताको तुलना**

तालिका ७

*समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश बुँदा टिपोट क्षमताको तुलना स्थिति*

| सम्पूर्ण विद्यार्थी सङ्ख्या १२० | दृष्टांश उद्धरण | अदृष्टांश उद्धरण |
|---|---|---|
| मध्यमान | ३४.४ | ३१.२२ |
| मानक विचलन | ४.२३ | २.२५ |
| 'Z' मान | ३.४३४ | |

स्रोत : स्थलगत अध्ययन, २०८१

प्रस्तुत तालिकामा विद्यार्थीको दृष्टांश बुँदा टिपोट क्षमताको मध्यमान ३४.४ रहेको छ र अदृष्टांश बुँदा टिपोट क्षमताको मध्यमान ३१.२२ रहेको छ । यसरी दुवै मध्यमानलाई हेर्दा दृष्टांश बुँदा टिपोट क्षमताको मध्यमानभन्दा अदृष्टांश बुँदा टिपोट क्षमताको मध्यमान कम रहेको छ । त्यसैले विद्यार्थीहरूमा अदृष्टांश बुँदा टिपोट क्षमता भन्दा दृष्टांश बुँदा टिपोट क्षमता उच्च रहेको देखिन्छ । त्यसैगरी दृष्टांश उद्धरणको ४.२३ र अदृष्टांश उद्धरणको बढी विचलित भएको देखिन्छ । यसरी हेर्दा दृष्टांश बुँदा टिपोट क्षमताभन्दा अदृष्टांश बुँदा टिपोट क्षमता विद्यार्थीहरूमा उस्तै उस्तै रहेको र दृष्टांश बुँदा टिपोटमा भने केही विद्यार्थी असमान छन् भन्ने बुझिन्छ । दृष्टांश र अदृष्टांश बुँदा टिपोट क्षमतामा अन्तर केलाउन 'Z' मान ०.०५ सार्थक तहमा हेर्दा 'Z' मान ३४ रहेता पनि विद्यार्थीहरूको दृष्टांश तथा अदृष्टांश बुँदा टिपोट क्षमतामा अन्तर छ भन्ने तथ्यको पुष्टि हुन आउँछ । यसबाट विद्यार्थीहरूका दृष्टांश भन्दा अदृष्टांश उद्धरणमा कठिनाई भएको महसुस गरिएको छ । यसबाट के देखिन आउँछ भने विद्यालयहरूले केवल पाठ्यपुस्तकमा समाविष्ट पाठबाट मात्र बुँदा टिपोट सम्बन्धी अभ्यास गराउने भएका कारणले नै विद्यार्थीमा अदृष्टांश बुँदा टिपोटको अवस्था कमजोर पाइएको हो ।

**नेपाली मातृभाषी र नेपाली दोस्रो भाषी विद्यार्थीहरू बीच तुलना**

तालिका १२

*नेपाली मातृभाषी र नेपाली दोस्रो भाषी विद्यार्थीहरू बीच तुलनाको स्थिति*

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | 'Z' मान |
|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | ९० | ६०.१२ | | ३.१३ | | |
| नेपाली दोस्रोभाषी | ३० | ५९.१२ | ५९ | ४.१३ | १.२८ | १.२२ |

स्रोत : स्थलगत अध्ययन, २०८१

प्रस्तुत तालिकामा प्रतिनिधि नमुना छनोटमा परेका विद्यार्थीहरूमध्ये पहिलो भाषाका रूपमा नेपाली बोल्नेहरूलाई भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र दोस्रो भाषिका रूपमा नेपाली बोल्नेहरूलाई नेपाली दोस्रो भाषी नेपाली मातृभाषी तर्फ ९० जना र नेपाली दोस्रो भाषी तर्फ ३० जना विद्यार्थी रहेका छन् । समूहको समग्र मध्यमान ५९ रहेको छ भने समूहगत रूपमा नेपाली मातृभाषी विद्यार्थीहरूको मध्यमान ६०.१२ र नेपाली दोस्रो भाषी विद्यार्थीको समूहगत मध्यमान ५९.१२ रहेको छ । विद्यार्थीको समग्र मानक विचलन १.२८ रहेको छ । नेपाली मातृभाषी विद्यार्थीको समूहगत मानक विचलन ३.१३ र नेपाली दोस्रो भाषी विद्यार्थीहरू तर्फ ४.१३ रहेको देखिन्छ । साथै तालिकामा 'Z' मान १.२२ रहेको छ । समग्र मध्यमानलाई आधार मानेर हेर्दा पनि समूहगत मध्यमान कै हाराहारीमा देखिन्छ । त्यसैले दुवै समूहको बुँदा टिपोट क्षमता सामान्य नै रहेको देखिन्छ । समग्र मानक विचलनका आधारमा भने समूहगत रूपमा हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूभन्दा नेपाली दोस्रो भाषी विद्यार्थीहरूको मानक विचलन बढी विचलित भएको देखिन्छ । समग्र मानक विचलनभन्दा समूहगत विचलन दुवै समूहको बढी विचलित भएको देखिएको पाइन्छ । यसबाट दुवै समूहको बुँदा टिपोट क्षमतामा एकरूपता छैन भन्ने पाइन्छ भने समूहको मानक विचलन तुलना गरी मान ०.०५ सार्थ तहमा हेर्दा 'Z' मान १.२२ रहेबाट पनि यी दुवै समूहको बुँदा टिपोट क्षमतामा सामान्य अन्तर रहेको छ भन्ने कुराको पुष्टि हुन जान्छ ।

**निष्कर्ष**

कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमतासम्बन्धी यस अध्ययनबाट निष्कर्ष निकालिएको छ । समग्र बुँदा टिपोट क्षमताको स्थितिमा विद्यार्थीहरूको क्षमतालाई प्रतिशतमा गणना गर्दा २५ प्रतिशतभन्दा कम बुँदा टिपोट क्षमता भएका विद्यार्थीको सङ्ख्या तीन प्रतिशत रहेको छ भने ७५ प्रतिशतभन्दा माथि विद्यार्थीहरूको बुँदा टिपोट क्षमता सन्तोषजनक मात्र रहेको पाइन्छ । धेरै मात्रामा ७५ प्रतिशतभन्दा माथि र थौरै मात्रामा २५ प्रतिशत भन्दा तल विद्यार्थीहरूको समूह देखिनुले समग्रतामा मध्यम स्तरीय समूहमा बढी विद्यार्थी ओगटेकोले बहुसङ्ख्यक विद्यार्थीहरूमा केही प्रतिशत असाध्यै राम्रो र केही प्रतिशत असाध्यै नराम्रो अवस्थाका विद्यार्थी रहेको पाइएको छ । मध्यम स्तरीय बुँदा टिपोट क्षमताको स्थिति बढी भएको र उत्कृष्ट भएको सङ्ख्या न्यून रहेकाले परिणाममुखी बुँदा टिपोट क्षमताको सट्टा सामान्य बुँदा टिपोट भएको देखिन्छ ।

बुँदा टिपोट क्षमतामा विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा तल कम प्रतिशत र मध्यमानभन्दा माथि बढी प्रतिशत देखिएकाले सगम्र विद्यार्थीको बुँदा टिपोट क्षमता परिणाममूखी नै देखिएको छ भने लैङ्गिक आधारमा समग्र बुँदा टिपोट क्षमता हेर्दा

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

छात्राहरूको अनुपात कमजोर रहेको छ । समग्र विद्यार्थीहरूको दृष्टांश उद्धरण बुँदा टिपोट क्षमताको प्रतिशतमा गणना गर्दा अधिकांश विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमता ५० प्रतिशतभन्दा कम देखिनुले विद्यार्थीको दृष्टांश बुँदा टिपोट क्षमता राम्रो नभई सामान्य मात्र रहेको पाइन्छ । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने विद्यार्थीहरूलाई कक्षा शिक्षणका क्रममा दृष्टांश बुँदा टिपोट सम्बन्धी अभ्यास मात्रात्मक रूपमा शिक्षकहरूले दिन नसकेको र लापर्वाहीपूर्ण पठनपठन गराएको कुरा स्पष्ट हुन्छ ।

यसरी हेर्दा मध्यमानभन्दा माथिको सङ्ख्या दृष्टांश बुँदा टिपोटको माथि नै रहेको र अदृष्टांश बुँदा टिपोटमा पनि मध्यमानभन्दा तलको सङ्ख्या कम र मध्यमान भन्दा माथिको सङ्ख्या बढी भएकोले बुँदा टिपोट क्षमताको अवस्था दुवै तर्फ हेर्दा त्यति नराम्रो भन्न सकिदैन तर दुवैको अवस्थामा सुधार ल्याउन विद्यार्थीहरूमा पढाइ र बुझाईलाई विशेष ध्यान दिनु अति नै जरुरी हुन्छ । कुनै विषयको अध्ययन गरिसकेपछि त्यसको आसय बुझ्नुको लागि पढिन्छ तर त्यसको आसय बुझ्नु कठिन हुनु भनेको शिक्षकको पढाइ र बुझाईको कमजोरी पनि हो । पढाइतिर त्यति ध्यान नदिनु, वास्ता नगर्नु आसय बुझ्नु नसक्नु रहेको हुन्छ । यसरी विद्यार्थीहरूलाई दृष्टांशका साथ साथै अदृष्टांश बुँदा टिपोटलाई बराबर महत्वका साथ अगाडि बढाउनु आवश्यक देखिन्छ ।

दुवै समूहमध्ये नेपाली मातृभाषी समूहको मध्यमानभन्दा माथिको प्रतिशत बढी देखिनुले नेपाली मातृभाषी विद्यार्थीभन्दा नेपाली दोस्रो भाषी विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको स्तर कमजोर देखिनु रहेको छ । मातृभाषीको अनुपात बुँदा टिपोट क्षमतामा राम्रो देखिनु र दोस्रो भाषीको त्यसभन्दा फरक देखिनुले कक्षा शिक्षणमा दोस्रो भाषीलाई पहिलो भाषाको स्पष्ट धारणा शिक्षकले बसाल्न नसकेको तथा माध्यम भाषाका विभिन्न अभ्यासको परिपूर्ति हुन नसकेको र सोही अनुरूप पठनपठन नगरेकोले नै यो विभेद आएको निष्कर्ष निकाल्न लिइएको छ । भाषिक पृष्ठभूमिलाई आधार बनाएर मानक विचलन हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरू भन्दा नेपाली दोस्रो भाषी विद्यार्थीको मानक विचलन बढी पाइएतापनि दुवै समूहको मानक विचलन बढी देखिएकोले दुवै समूहको विद्यार्थीको बुँदा टिपोट क्षमतामा एकरूपता देखिएको छैन । बुँदा टिपोटको अवस्था नेपाली मातृभाषीको तुलनामा नेपाली दोस्रो भाषी विद्यार्थीमा केही कमी रहेको पाइन्छ ।

**सन्दर्भ सामग्री**

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६९), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद (२०७२), *निम्न माध्यमिक शिक्षक दिग्दर्शन भाग २,* काठमाडौं : आशिष बुक ।

पाठक, हिरमाया (२०६८), *मेरो नेपाली किताब,* काठमाडौं : भुडिपुराण प्रकाशन ।

बस्नेत, महेन्द्रराज (२०७०), *प्राथमिक तह पुरा गरेका विद्यार्थीहरूको पठनबोध क्षमताका अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा) ।

भण्डारी, इन्द्र बहादुर (२०६९), *कक्षा छका मुस्लिम भाषी विद्यार्थीहरूको शब्द उच्चारण र सस्वर पठन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा) ।